# नीति तथा कार्यक्रम,२०८१/०८२

तुम्बेवा गाउँ कार्यपालिकाबाट सिफारिस मितिः २०८१/०३/०८

तुम्बेवा गाउँपालिका, पाँचथरको पन्धौं गाउँसभामा पेश गरेको मितिः २०८१/०३/१०

तुम्बेवा गाउँपालिका, पाँचथरको पन्धौं गाउँसभाबाट स्वीकृत मितिः २०८१/०३/१०

## तुम्बेवा गाउँपालिका, पाँचथर

### कोशी प्रदेश, नेपाल

<u>प्रस्तुतकर्ताः</u>

बाबुराम खड्का

अध्यक्ष

जय तुम्बेवा

# शुभकामना

मुलुकको सर्वाङ्गीण विकासको लागि हाम्रो संविधानबाट प्रदत्त विभिन्न तहका सरकारहरुको महत्वपूर्ण भूमिका रहन्छ । हामीले संघीयताको अभ्यास गर्न थालेको करिव एक दशक बित्न लाग्दा आज तुम्बेवा गाउँपालिकाको तर्फबाट पन्ध्रौँ गाउँ सभाबाट नीति तथा कार्यक्रम सार्वजनिक गर्न यहाँहरुको अगाडी देश र जनताको लागि उभिरहँदा मैले अत्यन्तै सौभाग्यशाली महसुस गरेको छु । यो अवसरसम्म आइपुग्नको लागि आफ्नो अमुल्य जीवन प्राणोत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसरी नै तुम्बेवा गाउँपालिकाको सिंगो भाग्य र भविष्य निर्माण गर्न मलाई निर्वाचित गराएर यो गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय ठाउँमा उभ्यानुहुने समस्त तुम्बेवावासी न्यायप्रेमी आमाबुवा, दाजुभाई, दिदीबहिनी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

विकास निरन्तर चलिरहने प्रक्रिया हो । तथापी हामीले यस गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्दा यहाँको स्थानीय आवश्यकतालाई उच्च प्राथमिकतामा राख्ने जमर्को गरेको छौँ । सिमित श्रोत साधन, राजश्व र असिमित आवश्यकताहरुको बाबजुद पनि यस गाउँपालिकाको अत्यावश्यकीय आवश्यकताहरुलाई उच्च प्राथमिकतामा राख्दै जनताले प्रत्यक्ष अनुभूति गर्न सकिने गरिका कार्यक्रमहरु समावेश भएका कुरा निवेदन गर्दछु । कतिपय नीति कार्यक्रमहरु दीर्घकालीन आवश्यकता र समाधान सहित पेश गरेको छु । यस गाउँपालिका भित्रका आवश्यकीय जतातासँग प्रत्यक्ष सरोकार रहने खालका नीति तथा कार्यक्रम निरन्तरता दिने प्रतिवद्धता समेत यो सम्मानित हलमा जाहेर गर्न चाहन्छु ।

अन्त्यमा तुम्बेवा गाउँपालिकाको पन्ध्रौँ गाउँसभालाई सभ्य र भव्य रुपमा सम्पन्न गराउनको लागि सबै क्षेत्रबाट सहयोग पुर्याउनुहुने निर्वाचित सम्पूर्ण जप्रतिनिधि कार्यपालिका सदस्यहरु, तुम्बेवा गाउँपालिकाका सम्पूर्ण विषयगत शाखाका प्रमुख एवं कर्मचारी लगायत सम्पूर्ण सरोकारवाला वर्ग प्रति हार्दिक कृतज्ञता जाहेर गर्दै यो गाउँसभाबाट सिङ्गो तुम्बेवाको भाग्य र भविश्य निर्माण गर्न हामी सबैलाई प्रेरणा मिलोस् भनि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय तुम्बेवा

## तुम्बेवा गाउँपालिकाको नीति तथा कार्यक्रम (सम्बोधन र संस्मरण, सम्बोधन, योगदान, आभार)

सभाका सम्पूर्ण सदस्यज्यूहरु,

तुम्बेवा गाउँपालिकाको अध्यक्षको हैसियतले यो पन्धौं गाउँसभाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले सौभाग्यशाली ठानेकोछु। विभिन्न तह तप्कामा रहेर प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा देश तथा विदेश रहनुहुने एघार हजार एकसय उनान्नब्बे तुम्बेवा गाउँपालिकाबासीहरुलाई यस विशेष घडिमा यहाँहरुप्रति उच्च  सम्मान व्यक्त गर्दै सम्झन चाहन्छु । न्यायप्रेमी पालिकाबासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरुबाट यस गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा दिनुभएको सकारात्मक सल्लाह सुझाव प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै यो गरिमामय गाँउसभा मार्फत सम्पूर्ण महानुभाव प्रति सगौरव सम्मान व्यक्त गर्दै उपस्थित हुनुभएका गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकारहरु साथै उपस्थित महानुभावहरुमा कृतज्ञता ज्ञापन गर्दछु ।

लोकतन्त्र प्राप्तिको निम्ती विभिन्न आन्दोलनको कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै हामीले सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने संकल्प लिएका छौँ । तुम्बेवा गाउँपालिकावासीको समृद्धिको चाहाना, हामिले निर्वाचनका क्रममा अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्न  नीति तथा कार्यक्रमलाई केन्द्रित गरेका छौँ आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम मार्फत गुणस्तरिय पूर्वधार निर्माण गर्दै स्थानीय स्रोतको पहिचान र परिचालन गरि समावेशी तथा दिगो स्थानीय विकास मार्फत समृद्ध गाउँपालिका र जनताको समृद्धिको लक्ष्य हासिल गर्न साझेदारी विकासका लागि सार्वजनिक निजि तथा समुदायको सहकार्यद्वारा पुरा गर्ने अठोट लिएको छु। गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने सन्दर्भमा तत् अनुसारको पुर्वधारको निर्माण गर्दै स्वच्छ, सफा, सुन्दर र समृद्ध पालिकाको पहिचान कायम राख्ने योजनाबद्ध शहरीकरणका साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य, भौतिक संरचना साथै उत्पादन र उत्पादकत्व वृद्धी गरी रोजगार र आत्मनिर्भरता उन्मुख गराउन नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता हुने रुपमा लिएको छु ।

## विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक)

विश्व परिवेशमा भइरहेका विविध घटना परि घटनाहरुले निम्त्याएको विश्वव्यापी आर्थिक मन्दीले नेपाल पनि अछुतो रहन नसकेको कारण संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालको जनसाङख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको श्रेणीमा विस्तार हुने क्रममा हरेक दिन २  देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी तुम्बेवाबासी सवैलाई गम्भीर बनाएको छ । खेतीयोग्य जमिनहरु बाँझो हुन पुगेको छ ।

यस सन्दर्भमा युवालाइ देश भित्रै रोजगारीको अवसर सृजना गर्ने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ।

यस बिषम परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी "सभ्य र समृद्ध तुम्बेवा" को मुल लक्ष्य हासील गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। यसका लागि गाउँपालिकामा स्थानीय आर्थिक तथा सामाजिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सिर्जना भएकोछ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन तुम्बेवा गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य रहेको छ। यसका लागि गाउँपालिकाबाट प्रवाह हुने हरेक कार्यहरुलाई बिद्युतीय सुशासन प्रणालीको प्रभावकारी प्रयोग गरी सेवा प्रवाहमा व्यापक सुधार ल्याउनु पर्ने आवश्यकता देखिन्छ।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरू:**

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।

**विद्यमान चुनौतीहरू:**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
२. गुणस्तरीय बीउबिजन र मलखाद समयमा नै उपलब्ध गराउनु।
३. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु।
४. शिक्षा प्रणालीलाई रोजगार उन्मुख र सिप युक्त बनाउनु।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत सम्भार पद्धतिको विकास गर्नु।

जय तुम्बेवा

८. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।

९. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

१०. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा ,गिट्टी र बालुवा) को मापदण्ड अबलम्बन नगरि अत्याधिक दोहन रोक्नु ।

११. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

## हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त समिक्षा

## भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ, भवन) का क्षेत्रमा भएका उपलब्धी

**सडक यातायात र भवनः-**

यस गाउँपालिकामा हालसम्म २ कि.मि. पक्कि ढलान, २५ किलोमिटर ग्राभेल सडक, १५ किलोमिटर विभिन्न स्थानमा ढुङ्गाको सोलिङ, ३५० किलोमिटर धुले वा कच्ची सडक निर्माण सम्पन्न भएको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ साथै टोल तथा बस्तिहरुमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार तथा स्तरोउन्नती भईरहेको छ । गाउँपालिकाबाट अन्तरपालिका कुम्मायक गाउँपालिका हुदै जिल्ला सदरमुकाम फिदिमसम्म पुग्ने छोटो दुरीको सडक निर्माणको क्रममा रहेको छ । अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग तमोर कोरिडोर जोड्ने सडक स्तरोउन्नती हुदै कालोपत्रे हुने चरणमा रहेको छ । यस गाउँपालिकालाई जोड्ने सावाँ खोलामा २ वटा पक्कि पुल निर्माण भइसकेको छ । गाउँपालिकाको प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा रहेको र प्रशासकीय भवन आसपासमा कम्पाउण्डीङका लागि जग्गा प्राप्ती गर्ने प्रक्रियामा संङघीय मन्त्रीपरिषद्को स्वीकृती प्राप्त भई जग्गा खरिद गर्ने चरणमा रहेको छ । तुम्बेवा गाउँपालिकाको लागि दिर्घकालिन महत्व बोकेके प्रस्तावित पाँच शैयाको अस्पताल निर्माणका लागि अपुग जग्गा प्राप्तीका लागि समेत संङघीय मन्त्रीपरिषद्को स्वीकृती प्राप्त भई जग्गा खरिद गर्ने चरणमा रहेको छ । वडा नं. २ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई नवनिर्मित भवनबाटै सेवा प्रवाह गर्न सुरु गरिएको छ । मौवा बजार र जोरसल्ले बजार क्षेत्रमा पक्की सडक ढलानको काम सम्पन्न भएको छ । मौवा बजार क्षेत्रलाई व्यवस्थित बजार विस्तारको क्रममा स्टेण्ड सहितको गमला व्यवस्थापन, सडक बत्ती विस्तारको क्रममा रहेको छ । गाउँपालिकामा लगभग ८० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको अवस्था छ साथै गाउँपालिकाको सामुदायीक भवन निर्माण सम्पन्न

भएको छ। तुम्बेवा गाउँपालिका भित्र खानेपानीको सहज आपूर्ति एवं सबै तुम्बेवा बासी नागरिकहरुमा स्वच्छ पिउने पानीको पहुँच पुर्याउनको लागि आवश्यक ठाउँहरुमा खानेपानी ट्यांकी निर्माण तथा पानीको स्रोतहरुको संरक्षण गर्दै लगिएको छ।

आ.ब. २०८०/०८१ सम्ममा गाउँपालिकाको २० प्रतिशत लागत साझेदारीमा विभिन्न वडामा जम्मा २२ वटा मुख्य सिचाँइ र २ वटा लिफ्ट सिँचाइ कुलो निर्माण सम्पन्न भई खेतीयोग्य जमिनमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ। त्यस्तै अगामी आ.व.२०८१/८२ मा आठ वटा मुख्य सिँचाई कूलो साना सिँचाई परियोजना मार्फत निर्माण गरिनेछ।

## सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी

गाउँपालिकामा प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ। श्री इन्द्राणी माध्यमिक विद्यालयको ४ कोठे २ कोठे , सरस्वती आधारभुत विद्यालयको ४ कोठे गरी ३ वटा भवन निर्माण सम्पन्न भएको साथै श्री बालशिखर र सिंहकाली आधारभूत विद्यालयको २ वटा भवन निर्माण भइसकेको छ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माण सम्पन्न हुने चरणमा रहेकोछ। युवाहरुलाई खेलकुद प्रती उत्प्रेरित गराउने उद्येश्यका साथमा दास्रो अध्यक्षकप फुटबल प्रतियोगिता, व्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ।

## सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी

गाउँपालिकाले ९ वटा ऐन, २५ नियमावली र कार्यविधि राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ। संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) विज्ञ मार्फत तयार गरी कार्यालय तथा पद दर्ताको लागि प्रक्रिया अगाडी बढाइएको छ। आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी पारित गर्ने चरणमा रहेको छ। गाउँपालिकाको आवधिक योजना तथा मध्यम कालिन खर्च संरचना निर्माण गरी पारित गर्ने चरणमा रहेको छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७२.७५ प्रतिशत अंक प्राप्त गरेको छ। राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ। गाउँपालिकाको न्यायीक समितिमा दर्ता भएका उजुरीहरुलाई मेलमिलापको माध्यमबाट निरुपण गर्न प्रोत्साहन गरिएको छ।

जय तुम्बेवा

## आर्थिक विकास (कृषि , पशु, उद्योग, सहकारी ) लगायतका क्षेत्रमा भएका उपलब्धी

यस गाउँपालिकामा पशुहरुको नश्ल सुधारको लागि गाउँपालिका भित्र निःशुल्क ४० वटा गाईभैसीमा निःशुल्क कृतिम गर्भाधान गरिएको छ । पशुपंछी रोग नियन्त्रणको लागि निःशुल्क रुपमा ३०० वटा रेवीज खोप, २६०० लम्पी स्किन रोग विरुद्धको खोप, ५००० खोरेत रोग विरुद्धको खोप, १८०० बंगुरमा स्वाइन फिबर विरुद्धको खोप निःशुल्क खोप सञ्चालन गरिएको र पशुपंछी रोग उपचार तथा नियन्त्रणको लागि बाह्रै महिना निःशुल्क रुपमा पशुपंछी औषधी वितरण गरिएको छ साथै जिल्ला भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आर्थिक सहयोग र पालिकाको प्राविधिक सहयोगमा आधुनिक तथा वैज्ञानिक बाख्राका खोरहरु निर्माण भएको छ । नतिजा प्रदर्शन सहितको आइपीएम कृषक पाठशाला सञ्चालन पश्चात उत्पादन लागत न्यून बनाई उत्पादन र उत्पादकत्व बृद्धि गराउने खालको प्रविधि विकास भएको छ । सुन्तला जात फलफूल पकेट स्थापना भई सञ्चालनमा रहेको छ । गाउँपालिका भित्र क्रियासिल सहकारी संस्थाहरुलाई कोपोमिस अनलाइनमा आवद्धता गरी अनलाइन मार्फत रिपोर्टिङ सुरुवात गरिएको । गाउँपालिकामा ४६ जना नयाँ उद्यमीको सिर्जना तथा उद्यमीको स्तरोउन्नती गरीएको छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा भएका उपलब्धी

तुम्बेवा गाउँपालिका भित्र भएका विपद्का घटनाहरुलाई तत्काल सम्बोधन गर्न गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा गाउँ कार्यपालिकाको निर्णयानुसार राहत सामाग्रीहरु यथासम्भब विपद् पिडीत नागरिकहरुलाई पुर्याउने काम भएको छ । गाउँपालिका भित्र विपद् सम्बन्धी घटनाहरुको न्यूनीकरणका लागि समय समयमा विपद् सचेतना कार्यक्रमहरु सञ्चालन हुदै आएको छ । सामुदायीक वन तथा जलाधार क्षेत्रमा वन पैदावार वस्तुहरुको संरक्षणलाई प्राथमिकतामा राखिएको छ ।

## आगामी आ.व. २०८१/०८२ को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाका सदस्यज्यूहरु

अब म आ. व. २०८१/०८१ को विभिन्न विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

- **"मेरो पालिका मै बनाउछु"** भन्ने मुल अभियान अध्यक्षको नेतृत्वमा वृहत जनश्रमदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुख्खा क्षेत्रको भौगोलिक अवस्थाको कारण वन चरनमा रहेका पशुहरु र वन्य जिवजन्तुले समेत पानिको उपभोग गर्ने पूर्खाहरुले सिर्जेका ऐतिहासिक रुपमा प्रयोगमा ल्याएका प्रचलनका

आहालहरुलाई पोखरीको रुपमा विकास गर्दै मौजुदा अवस्थामा रहेका बर-पिपलहरुको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ। वटा पोखरी गाउँपालिका भित्रका सुख्खा क्षेत्रहरुलाई लक्षित गर्दै ६ निर्माण गरी पोखरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

- ऐतिहासिक हटिया पञ्चमी बजार लगायतका पुराना हाट बजार क्षेत्रमा टहरा लगायतका भौतिक संरचनाहरुको निर्माण गर्दै पुराना हाटबजारलाई व्यवस्थित एवं प्रवर्द्धन गर्दै लगिनेछ।
- निर्माण हुन बाँकी वडाका सदरमुकामका बजारहरुलाई क्रमश: आर.सि.सि. ढलान गरी आसपासमा गमला तथा सडक बत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कार्यालय समयमा मादक पदार्थ नियन्त्रणका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुको मा.प.से. चेकजाँच गरी नियमित र गुणस्तरीय सेवा प्रवाह गरिनेछ।
- बजारक्षेत्र तथा सार्वजनिक स्थलहरुमा शुद्ध पिउनेपानीको धाराहरु जडान गरी पैदल यात्रीहरुलाई खानेपानीको सुविधा उपलब्ध गराइनेछ।
- तुम्बेवाको धेरै भूगोल सुख्खा क्षेत्र भएकोले खानेपानी योजना तथा मुहानहरुलाई व्यवस्थित गर्दै नागरिकको घरसम्म शुद्ध पिउने पानिको प्रवन्ध मिलाउदै लगिनेछ।
- हरित तुम्बेवा निर्माण गर्न भूगोल सुहाउँदो विभिन्न जातका फलफुलका नर्सरी स्थापना गरी कृषकहरुलाई वितरण गरिनेछ।
- यस गाउँपालिकामा बसोबास गर्नुहुने आँखाका दिर्घरोगी नागरिकहरुलाई लक्षित गरी शिविर सञ्चालन गरिनेछ।
- नागरिकसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरी नागिरकका गुनासोहरुको सम्बोधन गरिनेछ।
- गाउँ कार्यपालिकाको कार्यालयमा नागरिक सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइनेछ।
- अशक्त तथा अपाङ्गता भएका नागरिकहरुलाई लक्षित गरी राष्ट्रिय परिचयपत्र, नागरिकता प्राप्तीको लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्दै शिविर सञ्चालन गरिनेछ।
- गाउँपालिकाका जेष्ठ नागरिकहरुलाई प्रोत्साहन गर्नको लागि जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- तुम्बेवा गाउँपालिकाबासी कृषकहरुलाई ५० प्रतिशत अनुदानमा रसायनिक मल उपलब्ध गराइनेछ।

जय तुम्बेवा

- एक घर एक करेशाबारी र एक पानी पेखरी निर्माण गर्न ५० प्रतिशत अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- अन्यत्रबाट तुम्बेवा गाउँपालिकामा स्थायी बसोबास गरी आउने परिवारलाई प्रति परिवार रु. १ लाख नगद सहयोग गर्ने व्यवस्था मिलाईने छ।
- राष्ट्रिय गौरवको आयेजना तमोर करिडोरले तुम्बेवा गाउँपालिकाको १ र २ नं वडाको ९.५ कि.मि क्षेत्रको ठाउँलाई आर्थिक शैक्षिक तथा पर्यटकीय हिसाबले प्रवर्द्धन गर्न विशेष पहलको व्यवस्था गरिनेछ।
- प्लाष्टिक तथा सिसा जन्य वस्तुहरुको प्रयोग गरी जथाभावी फाल्न निरुत्साहित गरिनेछ।
- सार्वजनिक स्थल वा संघसंस्थाहरुमा मादक पदार्थ सेवन गर्ने व्यक्तीलाई कानुन बमोजिम दण्ड सजाय गरिनेछ।
- सार्वजनिक निर्माणका कामहरुलाई चुस्त दुरुस्त राख्न ब्याक हु लोडर खरिद प्रक्रिया अगाडी बढाइनेछ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

१. सामुदायीक विद्यालयहरुमा साप्ताहिक रुपमा हुने अतिरिक्त क्रियाकलापहरुलाई विद्यार्थीहरुको दैनिक जीवनमा प्रयोग उन्मुख गराउँदै लगिनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर र नियमन एवम् प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

४. विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा आवश्यक कार्यविधि निर्माण गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।
८. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति अवलम्बन गरिने छ।
९. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवम् शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।
१०. सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।
११. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
१२. विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
१३. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित शिक्षकको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।
१४. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अभिभावक विचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।
१५. शिक्षा ऐन, नियम अनुसार तुम्बेवा गाउँपालिका भित्र रहेका सम्पूर्ण शिक्षक कर्मचारीहरुको विद्यालय समय १० बजे देखि ४ बजे सम्मलाई पूर्ण रुपमा पालना गर्ने गरि नियामक निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने नीति अवलम्बन गरिनेछ ।
१६. सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक कर्मचारीहरुलाई अनिवार्य रुपमा विद्यालय पोषाक विद्यालय समयमा लगाउनु पर्ने वातावरणको सृजना गरिनेछ ।
१७. विद्यालय हाता भित्र विद्यालय समयमा कुनै पनि शिक्षक कर्मचारीले मादक पदार्थ सेवन गरी विद्यालयको शैक्षिक तथा सिकाई प्रक्रियामा खलल पुग्ने कुनै पनि कार्य गरेको पाईएमा अधिकार प्राप्त अधिकारीबाट मा.प.से. चेक जाँच गरि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गर्ने नीति लागु गरिनेछ ।

जय तुम्बेवा

१८. शैक्षिक गुणस्तर सुदृढिकरणको लागि सिकाइ प्रकृयामा अनिवार्य रुपमा शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी केन्द्रित शिक्षण विधि, कक्षा कार्य, गृह कार्य जस्ता क्रियाकलापहरुमा विशेष ध्यान दिने नीति अवलम्बन गरिनेछ।

१९. विद्यार्थीको नियमित मूल्याङ्कन प्रकृयालाई व्यवस्थित गराउन एकाइ परिक्षा, साप्ताहिक परिक्षा तथा मासिक परिक्षाका क्रियाकलापहरुलाई प्राथमिकिकरण गरी विद्यालय शिक्षामा लागु गरिनेछ।

२०. शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीहरुको शैक्षिक अवस्थामा सुधार ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम लागु गरिनेछ।

२१. संघिय सशर्त अनुदानबाट प्राप्त हुने विद्यालय दिवा खाजा कार्यक्रममा हरेक बार फरक खाजा, स्थानीय उत्पादनमा अनिवार्यता भन्ने नीति लागु गरिनेछ।

२२. गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विद्यालय पोषाकमा एकरुपता ल्याउने नीति अललम्बन गरिनेछ।

२३. विद्यार्थी, शिक्षक र अभिभावकसँग जनप्रतिनिधि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**संस्कृति तथा पर्यटन**

१. ऐतिहासिक प्रथम तुम्बेवा महोत्सव आयोजना गरी स्थानीय उत्पादन, भाषा, कला, संस्कृतिहरुको प्रवर्द्धन तथा आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।

२. तुम्बेवा गाउँपालिका क्षेत्र भित्रका मठ, मन्दिर र पाटीपौवाहरुको विकास तथा प्रवर्द्धन गरिनेछ।

३. ओखरबोटेबाट पवित्र तुम्बेवा मन्दिर जाने पदमार्ग निर्माण, वी.पी पार्क र सहिद पार्कलाई थप विस्तार र विकास गर्दै लगिनेछ।

४. तमोर राफ्टीङ तथा जीपलाइनको सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

५. मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचयात्मक तस्विरहरु पर्यटक आकर्षण गर्न राखिनेछ।

**युवा तथा खेलकुद**

गाउँपालिकाले युवा उद्यमशिलता विकास गरी दुर्व्यसनलाई नियन्त्रण गर्दै निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालनबाट दुर्व्यसन मुक्त गराई दिगो व्यवस्थापन गर्दै लाने नीति अनुरुप खेलकुदका पूर्वाधार निर्माण तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

जय तुम्बेवा

१. गाउँपालिकामा खेल प्रशिक्षकको व्यवस्थापन गरी स्थानीय खेलाडीहरुको खेल क्षमता अभिबृद्धि गर्ने कार्य अगाडी बढाइनेछ ।

२. गाउँपालिका अध्यक्षकप फुटबल प्रतियोगिता, व्याडमिन्टन प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका खेलहरुलाई निरन्तरता दिइनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक काल देखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्ने नीति लिइनेछ।

४. ज्येष्ठ नागरिक परिचय पत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

६. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०. प्राथमिकताको आधारमा बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

**स्वास्थ्य**

१. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई पहुँच विस्तार गरिनेछ ।

२. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेही पूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ, साथै आधारभूत अस्पताल सेवा विस्तार गरि मेडिकल अधिकृतद्वारा सेवा प्रबाह गरिनेछ ।

३. पाँच बर्ष मुनिका बालबालिकाहरुमा प्राप्त गर्नु पर्ने खोपहरुको मात्रा पुरा गरेको सुनिश्चित तथा दिगोपना गरिनेछ साथै नयाँ खोपहरुको विस्तार गरिनेछ।

४. आधारभूत स्वास्थ्य परिक्षण उपकरण तथा स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्दै सेवा प्रवाहलाई बृद्धि गर्दै लगिनेछ।

५. नवजात शिशु मृत्युदर , बाल मृत्युदर , मातृ मृत्युदर घटाउनको लागि मातृ तथा नवशिशु कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

६. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन पोषण कार्यक्रम र बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

७. सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक तथा मानसिक रोग सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८. धुम्रपान मद्यपान न्यूनीकरण सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

९. स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

१०. सुत्केरी र क, ख र ग वर्गका अपाङ्गता भएका व्यक्ति तथा ७५ बर्ष भन्दा माथी उमेरका जेष्ठ नागरिकहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता

११. महिला स्वास्थ्य स्वयंसेविका मार्फत सञ्चालन हुने आमा समूह वैठक सुदृढिकरण र महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, यातायात खर्च निरन्तरता र आधारभूत तालिमको व्यवस्था गरि क्षमता अभिवृद्धि गरिनेछ साथै नसर्ने रोग, मानसिक स्वास्थ्य र सामाजिक व्यवहार परिवर्तन कार्यक्रम संचालन गरिनेछ।

१२. स्वास्थ्य महामारी तथा सरुवा रोग नियन्त्रणका लागि आवश्यक जनशक्ति र औषधि उपकरण व्यवस्थापन गरिनेछ।

१३. स्वास्थ्य क्षेत्रको सूचकहरुको मासिक, अर्धवार्षिक र वार्षिक समिक्षा गरिनेछ साथै स्वास्थ्यका कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि गर्नका लागि तालिमको व्यवस्था गरिनेछ।

१४. विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. स्वास्थ्य परिक्षण सम्बन्धी विभिन्न शिविर सञ्चालन गरिनेछ।

१६. स्वास्थ्य विमा कार्यक्रम सवलिकरणका लागि निरन्तर पहल तथा पैरवी गरिने छ।

१७. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम निर्देशिका बमोजिम स्तरोन्नती गरि गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह भएको सुनिस्चित गरिनेछ।

१८. स्वास्थ्य सम्बन्धी सूचना प्रवाह गर्नका लागि सञ्चारका साधनहरुको उच्चतम प्रयोग गरिनेछ।

जय तुम्बेवा

१९. अपाङ्गता भएका व्यक्तीहरुलाई माग अनुसारका सहायक सामाग्री वितरण तथा उपचार खर्चको व्यवस्थापन गरिनेछ।

२०. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।

२१. क्षयरोगमुक्त गाउँपालिका घोषणाको लागि संघीय सरकार र तुम्बेवा गाउँपालिकाको संयुक्त लगानीमा कार्यक्रम सञ्चालन गरिनेछ।

२२. आम नागरिकहरुलाई ९८ प्रकारका औषधी उपलब्ध गराईनेछ।

२३. प्रयोगशालामा कार्यरत जोखिममा रहेका स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्ताको व्यवस्था गरिनेछ।

**आयुर्वेद**

१. स्वास्थ्य जीवन कार्यक्रम रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनुनै उत्तम हुने हुदा रोग लाग्न नदिनको लागि स्वास्थ्य जीवनशैलिको बारेमा जनमानसमा सचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२. पाँचवटै वडामा योगको प्रचारप्रसार, अभ्यास गराई दिर्घरोग सम्बन्धी जनचेतना गराइनेछ।

३. नागरिक आरोग्य कार्यक्रम अन्तर्गत "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई सार्थक तुल्याउन स्वास्थ्य जीवनशैलीको बारेमा नागरिकलाई सूचित गराई निरोगी नेपाल अभियान" लाई अघि बढाउन यो कार्यक्रम सञ्चालन गरिनेछ।

४. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत स्वास्थ्य वृत्त (दिनचर्या, ऋतुचर्या, आहारविहार आदि) सद्वृत आचार रसायन जीवनशैली सम्बन्धी सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिबुट्टीको उपयोगीताको बारेमा सचेतिकरण र विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

५. स्तनपाई आमालाई मातृशिशु सुरक्षा, दुग्धवर्धक जडिबुट्टीजन्य औषधी कार्यक्रम मार्फत मातृशिशु स्वास्थ्य र स्तनपानको महत्त्व बुझाई आमा र बच्चाको स्वास्थ्य सुधार गर्न सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धक सेवा र पूर्वकर्म कार्यक्रमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिने नागरिकहरुको नियमित रुपमा स्वास्थ्य जाँच तथा सेवा उपलब्ध गरिनेछ।

७. नसर्ने रोग न्यूनीकरण व्यवस्थापनको लागि तुम्बेवा गाउँपालिकाका पाँच वटै वडामा योग, ध्यानका कार्यक्रम पुर्याइनेछ।

जय तुम्बेवा

८. मानिस स्वास्थ्य रहनका लागि खानपान, जीवनशैली आदिका लागि स्वास्थ्य जीवन कार्यक्रम पाँच वटै वडा र माध्यमिक विद्यालयमा गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

१. व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र नै गराउनको लागि स्वास्थ्य संस्थबाट गरिने बर्थ रिपोटिङ सिस्टम अनलाईन गरिने, जनस्तरमा विभिन्न माध्यमबाट सूचना प्रचार प्रसार गरिनेछ।

२. वडा कार्यालबाट टाढा रहेको, दलित, पिछडिएको आदि जस्ता व्यक्तिहरुलाई सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको महत्व र आवश्यकताको बारेमा वडास्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. सामाजिक सुरक्षा भत्तालाई परदर्शी र डिजिटल बनाउन EFT प्रणाली सञ्चालन, बायोमेट्रिक डिभाइस सञ्चालन, मोबाइल बैंकिङ, ए.टि.एम कार्डको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ।

४. आफ्नो व्यक्तिगत घटना दर्ता आफैले गरौँ/गराउँ भन्ने नाराका साथ पब्लिक पोर्टल सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. सामाजिक सुरक्षा भत्ता लिन नचाहेर स्वघोषणा गर्ने व्यक्तिहररुको लागि सम्मान सहित प्रमाणपत्रको व्यवस्था गरिनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

**उद्योग**

१. औधोगिक तथा व्यवसायिक विकासका लागि गाउँपालिकाले उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

४. यस गाउँपालिकाले अन्य गाउँपालिकासँग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सह लगानीमा नयाँ पूर्वाधार निर्माण गरिनेछ ।

५. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

**कृषि तथा पशुपंक्षी**

१. तुम्बेवा गाउँपालिकाबासी आम कृषकहरुको खाध्य सुरक्षाको नीति अवलम्बन गरिनेछ ।

२. नि:शुल्क रुपमा उन्नत जातका विउ वितरण गरी मौसमी तथा बेमौसमी खेती प्रणालीलाई सुदृढ गर्दै लगिनेछ ।

३. आइ पि एम कार्यक्रम मार्फत कृषकको उत्पादनको उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रम अवलम्बन गरिनेछ ।

४. माटो परिक्षण कार्यक्रम संचालन गरी कृषि ज्ञान केन्द्रसँगको समन्वयमा भूगोल सुहाउँदो व्यवसायिक फलफूल खेति गर्न लिचि, आँप, कि.भि, एभोकार्ड, कागती, सुन्तला, दाँते ओखर, मेवा, लिचि जस्ता एक घर कम्तिमा १०० बोट रोप्ने कार्यक्रमको नीति लिइनेछ ।

५. कृषिमा अनुदानका कार्यक्रमहरु प्रभावकारी ढंगबाट सञ्चालन गर्न गाउँपालिका भित्र रहेका कृषि फर्म, समूह र सहकारीहरुको स्तरउन्नति गर्दै व्यवसायिक रुपमा फर्म सञ्चालन गर्ने उत्कृष्ट फर्म, समूह, संस्था र सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ ।

६. उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

७. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

८. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थन मूल्य निर्धारण गरिनेछ।

९. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गर्न आवश्यक पहल गरिनेछ।

१०. स्वास्थ्य मापदण्डमा आधारित मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती व्यवस्था मिलाइने छ ।

११. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती र करारखेती लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम सञ्चालन गरिनेछ

जय तुम्बेवा

१२. पशुपालनलाई आयमूलक आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गर्न पशु जन्य रोगको लागि आवश्यक औषधी बर्षै भरि पशु सेवा शाखाबाट र वडाका पशु उपशाखाबाट बितरण गरिनेछ

१३. पशुपालन व्यवसायलाई निर्वाहमुखीबाट व्यवसायिकरण गर्न कृषकहरुलाई आवश्यक -बिषयगत तालिमहरु सञ्चालन गरीनेछ।

१४. पशु नश्ल सुधार गर्न-निःशुल्क कृत्रिम गर्भधान कार्यक्रमलाई कार्यान्वन गरी उन्नत जातका पशुपालन व्यवसायमा जोड दिईनेछ।

१५. गाउँपालिका भित्र गाईवस्तु, बाख्रा पाठा लगायत पशुपंछीमा लाग्ने जुनोटिक रोग लगायत बिभिन्न रोगहरुको औषधि उपचारको लागि आवश्यक मात्रामा निःशुल्क प्रबन्ध मिलाईनेछ।

१६. पशु आहारा ब्यबस्थापन गर्न निःशुल्क विभिन्न किसिमका हिउदे तथा बर्से घासको बिउ, सेट्स तथा बिरुवा वितरण गरिनेछ,

१७. पशुपालन व्यवसायलाई व्यवसायिकरण आधुनिकरण गर्न पशु पंछी गोठ खोर सुधार तथा निर्माण कार्यमा अनुदानको व्यवस्था मिलाइनेछ।

१८. पशु स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क रुपमा विभन्न समयमा लम्पी ,खोरेत, आर.पी. , स्वाइन फिवरको रोग बिरुद्ध पशुपन्छी खोपको प्रबन्ध मिलाइनेछ।

१९. आन्तरिक तथा बाह्य- परजीबी नियन्त्रणको लागि समय समय मा परजीबी बिरुद्दको औषधि निःशुल्क वितरण गरिनेछ।

२०. पशु स्वास्थ्य सुधारका निम्ति समय समयमा भिटामिन मिनेरल तथा UUMB बितरण गरिनेछ।

२१. बाख्रापालन व्यवसायालाई आधुनिकीकरण गर्दै बंगुरपालन, कुखुरापालन, गाईपालन .- प्राबिधिक सहयोगमा उत्पादन गरि बजार व्यवस्थापनमा विशेष जोड दिएर आर्थिक उन्नतिमा लाग्न प्रोत्साहन गरिनेछ।

२२. निःशुल्क- रुपमा २४ सै घण्टा पशु स्वास्थ्य सम्बन्धी परामर्शको व्यवस्था मिलाइनेछ।

२३. तुम्बेवा गाउँपालिकामा पशु धनबाट हुने क्षतिलाई सुरक्षित गर्न उन्नत जातका पशुहरुको बिमा कार्यक्रम सुरुवात गरिनेछ।

२४. प्रत्येक वडामा ठाउँ अनुसारको फलफुलको लागि आधार पकेट घोषणा गरी परम्परागत रुपमा रहो फलफुल खेती प्रणालीलाई व्यवसायीमुखी बनाईदै लगिनेछ।

जय तुम्बेवा

**सहकारी**

१. सहकारी ऐन, प्रविधि अनुरुप सहकारी संस्थाहरुको क्षमता अभिबृद्धी गर्दे लगिनुका साथै उत्पादनमुलक र रोजगारी सृजना उन्मुख लगानीलाई प्रोत्साहन गरीनुका साथै संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै व्यवस्थापन, नियमन क्षेत्रलाई दायरा बिस्तार गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाईने छ ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनसिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।

**रोजगार**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाका तथा वडाको लागत साझेदारी कार्यक्रमलाई निरन्तरता दिई रोजगारी प्रवर्द्धन र भौतिक पूर्वाधारको समेत विकास गरिनेछ । पालिकास्तरिय आयोजना रोजागार सेवा केन्द्र मार्फत श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडास्तरबाट योगदान हुनेछ ।

२. स्थानीयस्तरमा रोजागारीको प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए श्रममूलक प्रविधिको प्रयोग गरि रोजगारी सृजनमा जोड दिइनेछ । बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरि रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजागर सूचि अध्यावधिक र व्यवस्थित गरिनेछ । पालिका भित्रका उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरि सोको सूचना प्रवाह गरिनेछ ।

३. स्थानीय तहको रोजगार रणनीति निर्माण गरी आन्तरिक रोजगारी सृजना गर्न गाउँपालिका, वडा, गैह्रसरकारी संघसंस्था तथा निजि क्षेत्रहरुसँग समन्वय गरी युवा रोजगारी सृजना गर्न पहल गरिनेछ ।

४. रोजगार सम्वाद मञ्चको माध्यमबाट सरोकारवालाहरुसँग थप समन्वय गरिनेछ ।

५. वैदेशिक रोजागारीबाट फर्किएकाहरुलाई उनीहरुको सिप र क्षमताको स्थानीयस्तरमा नै प्रयोग गर्न आवश्यक नीति वनाएर समन्वय गरिनेछ र सिप विकास तालिम सञ्चालन गरिनेछ ।

जय तुम्बेवा

६. बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। बैदेशिक रोजगार सम्बन्धी अभिलेख र परामर्श सेवा सञ्चालन गरिनेछ।

७. सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको आधारमा सार्वजनिक विकास निर्माणको काममा न्यूनतम १०० दिनको रोजगारी प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सृजना गरिनेछ।

८. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र नीजि क्षेत्रसँगको सहकार्य र समन्वयमा जोड दिइनेछ । युवा तथा शैक्षिक बेरोजगारीहरुलाई प्राथमिकतामा राखी स्वरोजागर मूलक कार्यमा संलग्न गराईनेछ र **श्रमको सम्मान राष्ट्रको अभियान** कार्यक्रम सञ्चालन गरिनेछ।

९. युवाहरुलाई सीपमा आवद्ध गर्दै दक्ष जनशक्ती उत्पादन तथा गरिबी निवारणको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०. बालश्रम शोषण न्यूनीकरण कार्यक्रम सञ्चालन गरी बाल अधिकारको संरक्षण गर्दै लगिनेछ।

**लघुउद्यम विकास कार्यक्रमः-**

१. स्थानीय माग, आवश्यक्ताको आधारमा हालको विद्यमान बजार प्रतिशपर्धालाई धान्ने उद्यम व्यावसायको पहिचान र सम्भाव्यतालाई ध्यानमा राखी परम्परागत ज्ञान, सीप, अनुभव र क्षमताका साथै प्रविधिहरुको संरक्षण, नवप्रवर्धन र विस्तार गरी नयाँ उद्यमीको सृजना र स्तरउन्नतीसँग सम्वन्धित लघुउद्यम बिकास कार्यक्रम सञ्चालन र कार्यान्वयन गरिनेछ।

२. घरेलु लघु उद्योगहरुको अभिलेख राखी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

## ३. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

**सार्वजनिक सेवा प्रवाह**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणालीकै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछयौट गर्ने कार्य अगाडी बढाईनेछ।

४. गाउँपालिकाले आवश्यकता अनुसार परामर्शदाताहरुको खोजि गरी शिक्षा, स्वास्थ्य, कृषि पशुपंन्छि, भाषा, संस्कृति लगायत अन्य बिषयमा प्रभावकारीता ल्याउनको लागि विज्ञ समितिको गठन गरि त्यसबाट परामर्श सेवा लिइने नीति अबलम्बन गरिनेछ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर प्रयोग गरी कागज विहिन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

९. गाउँपालिकाको काम कार्बाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्याउन “तुम्बेवा गाउँपालिका  नामक मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्द्धनका लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने  सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

११. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।

१२. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

जय तुम्बेवा

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीयतहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१७. गाउँपालिका तथा मातहतका निकायहरुमा विद्युतीय हाजिरीलाई प्रयोगमा ल्याइ सेवा प्रवाहमा सुशासन कायम गरिनेछ ।

**सूचना तथा सञ्चार**

१. सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाईनेछ

२. गाउँपालिकाक्षेत्र भित्रबाट प्रकाशित हुने सूचना स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन, सामजिक सञ्जाल, बेवसाइट र एफ. एम. रेडियो मार्फत प्रशारण गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्री बनाइनेछ।

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन**

१. तुम्बेवा बासी नागरिकहरुलाई न्यायको अनुभुति हुने गरी न्याय प्रशासनलाई छिटो ,छरितो , ,निष्पक्ष र मितव्ययी बनाउदै न्याय प्रशासनमा जनताको समान र सहज पहुँच सुनिश्चित गरी मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्न पोत्साहन गरिनेछ ।

२. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको सिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई प्रविधि मैत्री मनाइदै लगिनेछ ।

## ४. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

१. विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी तथा जनमुखी बनाइनेछ साथै राहत र उद्धार कार्यक्रम सञ्चालन गरिनेछ ।

जय तुम्बेवा

२. वातावरण प्रदुषण न्यूनीकरणको लागि प्लाष्टिक तथा प्लाष्टिकजन्य बस्तुहरुलाई नियन्त्रण स्वच्छ गर्दै सफा र सुन्दर तुम्बेवा निर्माणमा गरिनेछ ।

३. खानेपानी समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको सहज आपूर्तिको ब्यवस्था मिलाइनेछ ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली तुम्बेवा र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्णरुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई कानून बमोजिम जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

८. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

९. उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

१०. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पुर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

११. ढुंगा, गिट्टि र बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवम् अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१२. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१३. गाउँपालिकाको विभिन्न खाली स्थानहरुमा अध्यक्ष बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

जय तुम्बेवा

## ५. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

८. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

९. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिकाक्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ।

११. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

जय तुम्बेवा

१२. गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१३. गाउँपालिका भित्र अस्तव्यस्त सडकलाई आवश्यकताको आधारमा न्यूनतम मापदण्ड कायम गरी सडक समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१४. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१५. गाउँपालिकाको मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ ।

१६. गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरिनेछ ।

१७. प्रशासकीय भवनको आसपासमा रहेको जग्गा प्राप्तिको लागि आवश्यक पहल गरिनेछ ।

## ६. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको मोवाइल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रवाह गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।

जय तुम्बेवा

९. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ।

आर्थिक बर्ष २०८१/०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध सबल र न्यायपूर्ण तुम्बेवा निर्माण गर्न हाम्रो सङ्कल्पलाई सार्थक तुल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने मैले विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन, उत्पादकत्व र रोजगारिमा वृद्धि भई स्वाधिन सबल र समुन्नत तुम्बेवा निर्माण गर्न योगदान पुग्नेछ। नागरिकको गुणस्तरिय शिक्षा, स्वास्थ्यमा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारीत परिवर्तन जनतामा बढोत्तरी हुने अपेक्षा लिएको छु। तुम्बेवा बासी आम नागरिकको जिवन स्तरमा अपेक्षित उपलब्धी हुने यस नीति तथा कार्यक्रम कोशेढुंङ्गा सावित हुने विश्वास लिएको छु।

अन्त्यमा,
सम्पूर्ण सभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, सञ्चारकर्मी, गाउँपालिकाबासी, बुद्धिजिवि, संघसंस्था, राजनैतिकदल, सुभेच्छुक, सम्पूर्ण न्याय प्रेमी गाउँपालिकाबासी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

**धन्यवाद**

जय तुम्बेवा